# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

कृषि मन्त्रालयका सचिव श्री विन्देश्वरीप्रसाद सिन्हा एफ.ए.ओ. सम्मेलन (कन्फरेन्स) मा भाग लिन मिति २०४८।७।२६ गते रोमतर्फ जानुभएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली,२०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव (प्रा.) श्री रामेश्वरबहादुर सिंहलाई मिति २०४८।७।२६ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## संचार मन्त्रालयको सूचना

खण्ड ४१ संख्या ११ मिति २०४८।३।१० को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको अन्तमा देहायबमोजिमको द्रष्टव्य थप गरेको छ ।

द्रष्टव्यः–

हुलाक सेवा विभाग अन्तरगतका हुलाक कार्यालयहरूमा रही काम गर्ने कर्मचारी-हरूलाई दिने सार्वजनिक बिदा सीमित रहेकोले देहायबमोजिमको सुविधा दिने ।

१. कर्मचारीले काम गरेको अवधिको हिसाबले एक वर्ष पूरा भएपछि खाईपाई आएको एक महिनाको तलब बराबरको रकम सुविधा दिने ।

२. एक वर्ष पूरा काम नगरेको वा ६ महिनाभन्दा बढी काम गर्ने कर्मचारीहरूको हकमा काम गरेको महिनाको आधारमा दामासाहीबाट हुन आउने तलबको सुविधा दिने ।

आज्ञाले,
जीतबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



268